# लोक सेवा आयोग
# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## नेपाल न्याय सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

## सूचना नं. ०३।०८०-८१, मिति २०८०।०४।०४

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर **१६६९२-१६६९८/०७९-८० (खुला, समावेशी), नेपाल न्याय सेवा, न्याय/कानून/सरकारी वकील समूहको राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | शासन प्रणाली (Governance Systems) | विषयगत | २०८०।०४।२२ गते, दिनको २:०० बजे | ३ घण्टा |
| द्वितीय | समसामयिक विषय (Contemporary Issues) | | २०८०।०४।२३ गते, दिनको २:०० बजे | |
| तृतीय | समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices) | | २०८०।०४।२४ गते, दिनको २:०० बजे | |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३१०००१ देखि ३१०२०० सम्म | १९९ | पासाङ्ग ल्हामु शेर्पा मेमोरियल कलेज (+२ ब्लक), सामाखुसी |
| २ | ३१०२०१ देखि ३१०४०० सम्म | २०० | पासाङ्ग ल्हामु शेर्पा मेमोरियल कलेज (Bachelor ब्लक), सामाखुसी |
| ३ | ३१०४०१ देखि ३१०६०० सम्म | २०० | लिङ्कन कलेज (क), सामाखुसी |
| ४ | ३१०६०१ देखि ३१०८०० सम्म | २०० | लिङ्कन कलेज (ख), सामाखुसी |
| ५ | ३१०८०१ देखि ३११००० सम्म | २०० | आशिर्वाद कलेज, सामाखुशी |
| ६ | ३११००१ देखि ३११२०० सम्म | २०० | सगरमाथा मल्टिपल कलेज, डिल्लीबजार |
| ७ | ३११२०१ देखि ३११३९३ सम्म १९३ जना र बाँकी सबै | १९३ र बाँकी सबै | लोक सेवा आयोग, अनामनगर |

# लोक सेवा आयोग
# काठमाडौं कार्यालय
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


**द्रष्टव्य १ः-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

३. काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका र परीक्षा केन्द्र परिवर्तन गरी काठमाडौं परीक्षा केन्द्र कायम भएका उम्मेदवारहरू वाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

६. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

**द्रष्टव्य २ः- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।

३. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।

४. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।

५. कोभिड-१९ बाट तत्काल संक्रमित भएका परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८४१७७७६७० वा ९८४९४०९४०९ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ ।

| | | |
|---|---|---|
| (पुष्पराज खनाल) | (लक्ष्मीप्रसाद पराजुली) | (चन्द्रकान्त निरौला) |
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |